# साना किसान विकास बैंक लि.

(नेपाल राष्ट्र बैंकबाट "घ" बर्गको इजाजत प्राप्त संस्था)

# तेह्रौं वार्षिक साधारण सभाको काम कारवाही तथा निर्णय पुस्तिका (माइन्यूट)

**१८ पौष, २०७१**

## साना किसान विकास बैंक लि.

केन्द्रीय कार्यालय, काठमाडौं ।

# साना किसान विकास बैंक लि.

## तेह्रौं वार्षिक साधारणसभाको कामकारवाही तथा निर्णय पुस्तिका (माइन्यूट)

### 1. वैधानिक सभा

कम्पनी ऐन २०६३ को दफा ७६ को उपदफा (१) बमोजिम आर्थिक बर्ष पुरा भएको छ महिना भित्र नै सम्पन्न हुने गरी साना किसान विकास बैंक लि. (लघुवित्त विकास बैंक) को मिति २०७१ साल मंसिर १३ गते शुक्रबार बसेको सञ्चालक समितिको २३० औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ र बैंकको प्रबन्धपत्र र नियमावली बमोजिम यस बैंकको तेह्रौं वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल गर्ने निर्णय भएको थियो ।

**1.1.** सभाको मिति, स्थान र समय

सभा हुने मिति : २०७१/९/१८ गते, शुक्रबार

समय : ११:०० बजे

स्थान : कृषि विकास बैंक लि., केन्द्रीय तालिम प्रतिष्ठान, बोडे, भक्तपुर ।

**1.2. छलफलका विषयहरु:**

**(क) सामान्य प्रस्ताव :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७०/०७१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७०/०७१ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ. व. २०७१/७२ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने । (बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६०(२) को प्रतिबन्धात्मक वाक्यांश अनुसार वर्तमान लेखापरीक्षक सि.ए. खगेन्द्र भट्टराई, खगेन्द्र एण्ड एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन सक्नुहुन्छ । )

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७०/७१ को कारोबारबाट भएको मुनाफा मध्येबाट सेयरधनीहरुलाई चुक्ता पुँजी रु. २३,०६,८२,३००/- को १५.७८९ प्रतिसतका दरले हुने जम्मा रु.३,६४,२३,५२१/-मात्र नगद लाभांश वितरण गर्ने ।

(५) बैंकको नियमावलीको नियम ८(२) मा व्यवस्था भए अनुसार समूह “क” संस्थापक सेयरधनी समूह साना किसान कृषि सहकारी संस्था लि. हरु मध्येबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने तीन (३) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेका सेयरधनीहरु समक्ष प्रति दुई कित्ता सेयर बराबरी एक कित्ता (२:१ को अनुपातमा) रु. १००/- दरका ११,५३,४१२ कित्ता हकप्रद सेयर (फ्र्याक्सन अंकको कारण थपघट गरी समायोजना गर्नु पर्ने भएमा सोही अनुसारको संख्यामा सेयर कित्ता कायम हुने गरी) संस्थापक र सर्वसाधारण सेयरधनी समूहको सेयर ग्रहण अनुपात ७०:३० कायमै रहने गरी जारी गर्ने ।

(२) बैंकको अधिकृत पुँजी रु. ६४ करोड र जारी तथा चुक्ता पूँजी रु. ३४,६०,२३,५००/- पुऱ्याउने सम्बन्धी विषयमा प्रबन्धपत्रको सम्बन्धित दफाहरुमा आवश्यक संशोधन गर्ने ।

(३) नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा फेरवदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध**

## 2. सभाहुने स्थान

कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (४) मा "कार्यालयले अन्यत्र साधारण सभा गर्न पूर्वस्वीकृति दिएको अवस्थामा बाहेक पब्लिक कम्पनीको साधारण सभा त्यस्तो कम्पनीको रजिष्टर्ड कार्यालय रहेको जिल्ला वा रजिष्टर्ड कार्यालयको जिल्लासँग जोडिएको अधिकांश शेयरधनीलाई पायक पर्ने ठाउँमा गर्नु पर्नेछ" भन्ने व्यवस्था रहेको छ । यस बैंकको समूह "क" संस्थापक सेयरधनी साना किसान सहकारी संस्थाहरुको तर्फबाट बैंकको सञ्चालक समितिमा ३ जनाको प्रतिनिधित्व हुने गरी सञ्चालक निर्वाचन हुने भएकोले यो साधारणसभामा मुलुकभरबाट अधिकांश संस्थापक सेयरधनी साना किसान सहकारी संस्थाका प्रतिनिधिहरुले भागलिने सम्भावना देखियो । काठमाडौं बाहिर दुरदराजबाट आउने सेयरधनी प्रतिनिधिहरुलाई पहिचान गर्न सजिलो, बास बस्नु पर्ने अवस्था आएमा सो सुविधा भएको र निर्वाचन एवं सभाका लागि प्रशस्त स्थान हुनुका साथै किफायति समेत भएको हुँदा कृषि विकास बैंक लि., केन्द्रीय तालिम प्रतिष्ठान, बोडे, भक्तपुरलाई सभास्थलको रुपमा छनौट गरिएको थियो । बैंकको रजिष्टर्ड कार्यालय रहेको काठमाडौं जिल्लासँग जोडिएको स्थान भएकोले स्थान छनौटमा कानूनको पूर्ण पालना भएको छ ।

## 3. सभाको सूचना

साधारणसभाको सूचना सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) मा भएको व्यवस्था बमोजिम साधारणसभा आयोजना हुनुभन्दा एक्काईस दिन अगावै राष्ट्रियस्तरको दैनिक पत्रिमा सभाहुने स्थान, मिति, समय र छलफल हुने विषयहरु खोली सूचना प्रकाशन गरिएको थियो । उक्त सूचना बैंकको वेभसाईट www.skbbl.com.np र बैंकको केन्द्रीय तथा इलाका कार्यालयका सूचना पाटीहरुमा समेत टाँस गरिएको थियो । सेयरधनीहरुले यस बैंकलाई उपलब्ध गराएको ठेगानामा यथासम्भव उक्त सूचना पुऱ्याउने प्रयास समेत गरिएको थियो । सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषयहरु खोलिएको साधारणसभा सम्बन्धी सूचना, अन्य जानकारी, समूह "क" संस्थापक सेयरधनी समूह साना किसान कृषि सहकारी संस्था लि. हरु मध्येबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने तीन (३) जना सञ्चालकहरुको निर्वाचन कार्यक्रम सम्बन्धी सूचना र कम्पनी ऐन, २०६३ दफा ८४ अनुसारका विवरण राष्ट्रिय स्तरको दैनिक पत्रिका आर्थिक अभियान दैनिकमा मिति २०७१/०८/१५ गते र कारोबार दैनिकमा मिति २०७१/०९/०९ गते प्रकाशन गरिएको थियो । कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिम वार्षिक साधारणसभा हुनुभन्दा एक्काईस दिन अगावै दफा ८४ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालकको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सेयरधनीहरुले निरीक्षण गर्न र प्राप्त गर्न सक्ने गरी यस बैंकको केन्द्रीय कार्यालय र सेयर रजिष्ट्रार श्री नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लि.को कार्यालय नक्साल, काठमाडौंमा व्यवस्था मिलाइएको थियो । यसका अतिरिक्त साधारणसभा सम्बन्धी सूचना, कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिमका विवरणहरु बमोजिम हुनेगरी सञ्चालक समितिको प्रतिवेदन, बैंकका अन्य गतिविधिहरुको जानकारी, लेखापरीक्षकको प्रतिवेदन, वित्तीय विवरणहरु, नेपाल राष्ट्र बैंकबाट वित्तीय विवरण प्रकाशन गर्न प्रदान भएको स्वीकृति पत्र आदि संलग्न रहेको "साना किसान विकास बैंकको तेहौं बार्षिक प्रतिवेदन" सभास्थलमा उपस्थित सम्पूर्ण सेयरधनीहरुलाई बितरण गरिएको थियो ।

## 4. उपस्थिति

### 4.1. कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु

| | |
|---|---|
| १. श्री खेम बहादुर पाठक | अध्यक्ष |
| २. श्री अनिल कुमार उपाध्याय | सञ्चालक |
| ३. श्री कुञ्ज प्रसाद मिश्र | सञ्चालक |
| ४. श्री चाँदनी ढकाल | सञ्चालक |
| ५. श्री धर्मराज आत्रेय | सञ्चालक |
| ६. श्री उमेश लम्साल | सञ्चालक |
| ७. श्री शंकर श्रेष्ठ | सञ्चालक |
| ८. प्रा.डा. उमाकान्त सिलवाल | सञ्चालक |

### 4.2. सेयरधनी (प्रतिनिधि)हरुको उपस्थिति

१. कृषि विकास बैंक लि., प्रतिनिधि श्री यादव प्रसाद पोखरेल

२. नेपाल बैंक लि., प्रतिनिधि श्री नरेन्द्र प्रसाद पोखरेल

३. नबिल बैंक लि., प्रतिनिधि श्री जितेन्द्र प्रसाद श्रेष्ठ

४. संस्थापक सेयरधनी साना किसान सहकारी संस्थाहरु २३१ मध्येबाट १९८ वटा संस्थाका १९८ जना प्रतिनिधि

५. सर्बसाधारण सेयरधनीका तर्फबाट कुल सेयरधनीको प्रतिनिधिहरु उपस्थित भइ हाजिर जनाउने १११ जना ।

### 4.3. अन्य पदाधिकारीको उपस्थिति

| | |
|---|---|
| १. श्री जलन कुमार शर्मा | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री झलेन्द्र भट्टराई | कम्पनी सचिव |

### 4.4. अन्य उपस्थिति/पर्यविक्षक

| | |
|---|---|
| १. श्री कीर्ति देवकोटा | - निर्देशक, कृषि विकास बैंक लि., केन्द्रीय तालिम प्रतिष्ठान, बोडे, भक्तपुर |
| २. श्री सुरज प्रधानाङ्ग | - पर्यवेक्षक, नेपाल धितोपत्र बोर्ड |
| ३. श्री लिलामणी पौडेल | - प्रमुख निर्वाचन अधिकृत -साना किसान विकास बैंक लि. |
| ४. श्री राजिव श्रेष्ठ | - लेखा परीक्षक प्रतिनिधि, खगेन्द्र एण्ड एसोसियट्स, चार्टडएकाउण्टेण्ट्स |
| ६. श्री पोषणराज लामिछाने | - कानूनी सल्लाहकार |
| ७. श्री रुद्र भट्टराई | - महाप्रबन्धक, नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. |

## 5. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरूप)

कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) मा "कम्पनीको नियमावलीमा गणपूरक संख्याको लागि बढी संख्या तोकिएकोमा बाहेक पब्लिक कम्पनीको बाँडफाँड भएको कुल शेयर संख्याको पचास प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरूमध्ये कम्तीमा तीनजना शेयरधनीहरू स्वयं वा आफ्नो प्रतिनिधिमार्फत उपस्थित नभई सभाको काम कारबाही हुने छैन" भन्ने व्यवस्था रहेको छ । यस बैंकको १३ औं बार्षिक साधारणसभास्थलमा

उक्त मितिमा राखिएको उपस्थिति पुस्तिकामा कुल सेयरको ६६.४०% प्रतिनिधित्व हुने गरी ३१२ जना सेयरधनीहरुको उपस्थिति भएकोले गणपुरक संख्या ऐनले तोके अनुसार पुरा भएकोले साधारणसभाको कामकारबाही अघि बढाउन मिल्ने भएको हो । सेयरधनीहरुको उपस्थिति र प्रतिनिधित्व हुने सेयरको प्रतिसत तलको तालिकामा देखाइएको छ ।

| विवरण | उपस्थिति संख्या | सेयर संख्या | उपस्थित सेयर संख्या | कुल सेयर मध्ये प्रतिनिधित्व भएको सेयर संख्या | कुल सेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| कृषि विकास बैंक लि. | १ | ५०६,६१३ | १ | ५०६,६१३ | २१.९६% |
| नेपाल बैंक लि. | १ | १३९,६२९ | १ | १३९,६२९ | ६.०५% |
| नबिल बैंक लि. | १ | ६९,८१५ | १ | ६९,८१५ | ३.०३% |
| सा.कि.सहकारी संस्था लि. हरु | २३१ | ८९४,०३८ | १९८ | ८०१,७१३ | ३४.७५% |
| सर्बसाधारण सेयरधनीहरु | ९८६१ | ६९६,७२८ | १११ | १३,९२८ | ०.६०% |
| **जम्मा** | १००९५ | २,३०६,८२३ | ३१२ | १,५३१,६९८ | ६६.४०% |

## 6. सभाको वैधानिकता र सभा सञ्चालन

**6.1.** कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम यस सभा बोलाइएको र कम्पनी ऐनकोदफा ७३ को उपदफा (२) अनुसार साधारणसभाको गणपूरक संख्या बाँडफाँड भएको कुल सेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी सेयरको प्रतिनिधित्व हुने गरी कुल सेयरहरु मध्ये कम्तीमा ३ जना सेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकका तेहौं वार्षिक साधारणसभामा राखिएको सेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने सेयरको संख्या ३१२ भएको र कुल सेयरको ६६.४० प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिव श्री झलेन्द्र भट्टराईले साधारणसभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक हुने जानकारी गराए पश्चात सभाले कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा गर्न मञ्जुर गरेको थियो ।

**6.2.** सभाको अध्यक्षता गर्नको लागि कम्पनी ऐन, २०६३ र यस बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम कम्पनी सचिवले बैंकका सञ्चालक समितिका अध्यक्षज्यूलाई अनुरोध गर्नु भएपछि बैंकका सञ्चालक समितिका अध्यक्ष श्री खेम बहादुर पाठकले सभापतिको आसन ग्रहण गर्नुभयो ।

**6.3.** सञ्चालक समितिका पदाधिकारी, प्रतिनिधि, पर्यवेक्षक, लेखापरीक्षक, निर्वाचन अधिकृत, कानूनी सल्लाहकार तथा सम्पूर्ण उपस्थित सेयरधनीहरुको आसनग्रहण पश्चात अध्यक्षज्यूबाट पानसमा दियो बालेर सभाको उद्घाटन गरिएको थियो ।

**6.4.** अध्यक्षको सहमतिमा प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्माले बैंकका गतिविधि माथि प्रकास पार्दै सभामा स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो ।

**6.5.** पूर्व निर्धारित छलफलका विषयहरु उपर छलफल तथा निर्णयार्थ सभा सञ्चालन गर्न सभाका अध्यक्षबाट अनुमती भए पश्चात साधारणसभाको कार्यक्रम प्रारम्भ भयो ।

## 7. वार्षिक साधारणसभाको प्रस्तुती

**7.1.** सभाका अध्यक्षज्यूले उपस्थित सबै सेयर महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्वनिर्धारित छलफलको विषय सूची अनुसार आ.व.२०७०/०७१ को सञ्चालक समितिको प्रतिवेदन सभामा पढेर सुनाउनु भयो ।

**7.2.** अध्यक्षको प्रतिवेदन प्रस्तुत भए पश्चात् कम्पनी सचिवले इच्छुक सेयर महानुभावहरुलाई सञ्चालक समितिको प्रतिवेदन एवं लेखापरीक्षकको प्रतिवेदन सहित २०७१ आषाढ मसान्तको वासलात र मिति २०७०/०४/०१ देखि २०७१/०३/३१ सम्मको नाफा

नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल एवं आ-आफ्नो विचार, जिज्ञासा, सुझावका लागि आह्वान गर्नुभयो ।

8. **छलफलमा सेयरधनीहरुबाट प्रस्तुत विचार, जिज्ञासा तथा सुझावहरु**

छलफलको क्रममा सेयरधनी वक्ताहरुले व्यक्त गर्नुभएको र चिट मार्फत लिखित रुपमा दिनु भएको विचार, जिज्ञासा तथा सुझाव हरुलाई तल प्रस्तुत गरिएकोछ ।

**ब्याजदर, मुनाफा, कारोबार र पुंजी सम्बन्धमा**

- चन्द्रनारायण श्रेष्ठ (२४६०):- समयमा प्रतिवेदन तयार गरी बार्षिक साधारणसभा गर्नु भएकोमा धन्यवाद छ । नेट इन्टरेष्ट इन्कम राम्रो हुँदा हुँदै किन हकप्रद सेयर जारी गरेको हो । बोनस सेयरमा जानु राम्रो हुने थियो । यो सेयर जारी गरी आएको पैसा कहाँ लगानी गर्ने त्यो निश्चित हुनुपर्छ । हाम्रो ब्याज मार्जिन कम देखिएको छ । कर्जा प्रवाह गरी ब्याज आम्दानी गर्नुभन्दा विविध लगानीमा जोड दिएर प्रतिसेयर आम्दानी बढाउनु पर्‍यो । प्रति सेयर आम्दानी बाणिज्य बैंकहरुको तुलनामा कम भयो । लाभांश कम भयो प्रतिफल बढी हुनु परयो । खर्च र लागत घटाएर अर्को बर्ष बढी नाफा गर्न अनुरोध गर्दछु ।
- कृष्ण प्रसाद अधिकारी (लिखित पत्रको सारांश) :- बैंकले लगानी विविधिकरण गर्नु उचित हुन्छ । बोनस सेयरलाई दीर्घकालिन सोच अनुसार नियमित गर्न योजना बनाउनु पर्‍यो । बृद्धि उत्साहजनक छ । पुंजीको योजना प्रष्ट पारियोस् ।
- राम औतार चौधरी (अध्यक्ष) श्री साना किसान कृषि सहकारी संस्था लि. हरिपुर सर्लाही :- साना किसान कृषि सहकारी संस्था लि.हरुलाई प्रदान गरिने ऋणको ऋण असुली प्रकृयामा ३ महिने किस्तालाई परिमार्जन गरी १ वर्षे किस्ता कायम गरी लिन हुन अनुरोध छ ।
- साना किसान सहकारी संस्था शंकरपुर, जब्दी ,सर्लाही, भक्तिपुर, सर्लाही, जिल्ला कृषि संघ (सर्लाही):- लघुवित्त संस्था बरावर ब्याजदर कायम हुनुपर्ने ६,७ र ८% हुनुपर्ने ।
- लगानीकर्ता, निरन्जन बस्याल:- यस विकास बैंकले आर्थिक वर्ष २०७१/७२ मा खुद मुनाफा र संचित कोषमा पर्याप्त रकम हुँदाहुँदै चुक्ता पुँजि वृद्धि गर्नको लागी बोनश सेयर नदिई नगद लाभांश दिनु र हकप्रद सेयर निस्काशन गर्नुपर्ने कारण स्पष्ट पारिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।
- अन्य लघुवित्त बैंकको भन्दा ब्याजदर बढी छ । त्यसलाई घटाएर संस्थाहरुलाई कर्जा प्रदान गरियोस् ।
- तेईस करोडको कम्पनीमा ६१ करोड रिजर्भ हुँदा पनि वोनस सेयर दिनु पर्ने नि ?
- तीन महिने किस्तालाई एक वर्षे किस्त बनाउनु पर्ने ।
- ब्याजदर मासुजन्यमा राज्यवाट १%मा पाएको कर्जा किसानले अधिकतम ६% मा पाउनुपर्ने ।
- नेपाल सरकारले ऋण खाएर नतिर्नेलाई मिनाहा दियो । हामी नियमित ऋण तिर्ने र बचत गर्नेले त केही नपाउने रहेछ । कमसेकम नियमित बचत गर्नेलाई प्रोत्साहन स्वरुप केही त गर्नु पर्ने हो नि । बैंकले पहल गरिदियोस् ।

## साधारणसभामा उपलब्ध गराउने सुविधा सम्बन्धमा

- साना किसानको बैंक साँचै गरीब भएछ किनकी कर्मचारीको चाही भर्ती केन्द्र तर संस्था सदस्यलाई चाहीँ एक कप राम्रो चिया र कम्तीमा बस्ने कुर्सीसम्म र लेख्नलाई कपी र मेटरीयलसम्म लोभ गर्ने ? के साँच्चै अब चन्दा उठाउने बेला भएको हो त अब ?
- साना किसान विकास बैंकले साधरणसभा तथा अधिवेशनमा भागलिन आउँदा जादाँ ( आतेजातेखर्च ) प्रतिनिधिहरुलाई उचित व्यवस्था गरियोस् ।
- सेयर सदस्यलाई साधरणसभामा आउँदा खाना दिन नसकी खाजामा मात्र सिमित गरिएको छ तर उता सि. ओ. साहेवको भने २०९% तलब वृद्धि गर्ने निर्णय गरेकोमा यो गरीब मुलुकको धनी राजा जस्तो भएन र ?

## साधारणसभाको स्थान सम्बन्धमा

- यस बैंकको साधरणसभा समय सन्दर्भ अनुसार स्थान परिवर्तन गरि प्रतिनिधिहरुको समस्याहरुलाई ध्यान दिइयोस् ।
- साना किसान विकास बैंकको साधरणसभा राजधानी बाहिर पनि गरियोस् ।

## बैंकले प्रदान गर्ने सेवा र अवसर सम्बन्धमा

- गत वर्षमा यस विकास बैंकबाट लिएको सेयर वा व्यक्तिगत सेयरको लागि ईलाका कार्यालयबाट पठाएको रकम अनुसार परेको सेयरको प्रमाणपत्र कसरी उपलब्ध हुन्छ ? उक्त सेयर प्रमाणपत्र उपलब्ध गराईदिनु अनुरोध छ ।
- सबै क्षेत्रमा समान अवसर प्रदान गरियोस् ।
- साना किसान विकास बैंकमा किसानका छोराछोरीले नोकरी अवसर पाउनु पऱ्यो ।
- प्रारम्भिक साना किसान सहकारी संस्था लि.का अध्यक्ष वा प्रबन्धकहरुलाई संस्थागत प्राथमिकताको आधारमा आन्तरिक वा बाह्य गोष्ठि सेमिनार वा भ्रमणको व्यवस्था प्रभावकारी बनाईयोस् ।
- साना किसान विकास बैंकले कमजोर र विभिन्न कारणले समस्यामा परेका संस्थाहरुलाई माथि उठाउनको लागी विशेष नीति/कार्यक्रम बनाउन पर्छ कि ?

## कृषि विकास बैंकसँग आग्रह

- <u>हरिचन्द्र पंडित (साना किसान कृषि सहकारी संस्था लि. गिद्धा, धनुषा, फुलगामा)</u>: साना किसन विकास आयोजनाहरुलाई किसानहरुले दान स्वरुप दिएको घर/जग्गा भवन कृषि विकास बैंकको नाउँमा छ । साना किसान सहकारी संस्थालाई कृषि विकास बैंकले आयोजनाको व्यवस्थापन हस्तान्तरण गर्दा ती जग्गाहरु पनि संस्थाहरुलाई नै दिईयो । संस्थाहरुले तीनै जग्गामा दान चन्दा बटुलेर सामुदायिक भवन बनाए । अहिले सम्म कृषि विकास बैंकबाट सो जग्गा सम्बन्धित साना किसान सहकारी संस्थाहरुलाई नामसारी गरिएको छैन । कसरी हुन्छ यथाशिघ्र नामसारी गर्ने व्यवस्था मिलाईयोस् भन्ने व्यहोरा अनुरोध गर्दछु ।

- प्रतिनिधि, सा.कि.कृ.स.सं.लि वाङ्गेगेसाल,प्युठानः- कृषि विकास बैंकले साना किसान विकास आयोजनालाई संस्थागत विकासको कार्यक्रममा रुपान्तर गरी साना किसान कृषि सहकारी संस्था गठन गरी आफ्नो कारोबार साना किसानलाई व्यवस्थापन हस्तान्तरण गरी बुझाएको घर जग्गा भवन केही संस्थाहरुमा अहिले सम्म संस्थाहरुको नाममा घर जग्गा नामसारी गरिदिन सकिरहेको छैन जसले गर्दा त्यस्ता सहकारी संस्थाहरुले उक्त स्थानमा नयाँ भवन निर्माण गर्न कठीनाई भएको हुदाँ यो समस्या कहिले सम्म रहने हो, सम्वन्धित निकायले संस्थाहरुलाई स्पष्ट जानकारी गराई दिन समस्याग्रस्त संस्थाहरुको तर्फवाट हार्दिक अनुरोध गर्दछौ । पुनश्चः यो प्रश्नको उत्तर कृषि विकास बैंक लि.को जिम्मेवार व्यक्तिवाट आओस् भन्ने चाहना व्यक्त गर्दछौ ।
- श्री कृषि विकास बैंक चैं साना किसान सहकारी संस्थाहरुको समेत अभिभावक भएको हुँदा साना किसान सहकारी संस्थाले कृषि विकास बैंकमा हुने तर कृषि विकास बैंकमा खोलेको चल्ती खाताहरुबाट सि.वि.एस.लागु भएका कार्यालयहरुमा रकमस्थानान्तरण गर्दा सेवा शुल्क लिने गर्दछ । यो हटाउने व्यवस्था गरियोस् ।

**बैंकको सञ्चालक समितिमा साना किसान प्रतिनिधि सम्बन्धमा**

- झुपा पाण्डे न्यौपाने :- अध्यक्षको प्रतिवेदनमा महिलाको पनि प्रतिनिधित्व हुनुमा छलफल गरिने छ भनिएकोमा यसलाई सर्वसम्मतवाट पास गरियोस् ।
- अध्यक्ष ज्यू ! बैंकको भावी योजनामा साना किसान कृषि सहकारी संस्था लि. हरुको तर्फबाट यस बैंकको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ जना मध्ये १ जना महिला सञ्चालक हुने व्यवस्थाका लागि छलफल चलाईने भनेको छ । जसमा समावेशीकै कुरो हो भने अन्य लक्षित समुह, जातजाती र क्षेत्रीयताको सन्दर्भमा कस्तो आरक्षण मिलाउने ? बैंक वित्तिय संस्थाहरुमा त बैंकको आवश्यकता अनुसारका योग्य र क्षमतावान व्यक्तित्वहरुले प्रतिनिधित्व गर्ने व्यवस्था गर्नु पर्ने होईन र !
- चुनावी साधरणसभा हो । ३ जना आवश्यक हो भने सवै सर्वसम्मत वा सहमतीबाट बनाउन पाए राष्ट्रिय/अन्तर्राष्ट्रिय छवि राम्रो हुने थियो होला, यस वर्ष वढी नोक्सानी भएमा बैंक केन्द्रले हेर्ने केही छ कि ?

## 9. सभामा पेश भएका सुझाव तथा जिज्ञासाहरुको जवाफ

छलफलमा भाग लिने सम्पूर्ण सेयरहरुलाई धन्यवाद दिंदै त्यहाँ उठेका जिज्ञासाहरुको जवाफ अध्यक्ष श्री खेम बहादुर पाठक र केही प्रश्नहरुको जवाफ अध्यक्षज्यूको आज्ञाले सञ्चालक श्री अनिल कुमार उपाध्याय, प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्मा र कम्पनी सचिव श्री झलेन्द्र भट्टराईले दिनुभएको थियो ।

### 9.1. अध्यक्ष श्री खेम बहादुर पाठकले विभिन्न जिज्ञासाहरुको प्रष्ट पार्दै भन्नु भयो -

- सेयरधनी महानुभावहरुले दिनु भएको सुझावलाई मनन गरी आगामी दिनमा काम गरिने छ । साथै यो लघुवित्त बैंक भएकाले यसको कार्य प्रकृति अनुसार ठुला परियोजनामा लगानी गर्न सक्ने अवस्था र छुट हुँदैन ।
- उपत्यका बाहिर गर्दा सर्बसाधारण सेयरधनीहरुलाई समस्या हुन्छ । बाहिर गर्दा संस्थापक साना किसान सहकारी संस्थालाई मात्र सुविधा पुग्छ । पछिका दिनमा सम्भाव्यता हेरेर सो सम्बन्धाम उपयुक्त निर्णय लिइनेछ ।

- बैंकले पुँजीको लागतका आधारमा ब्याजदरलाई समसामयिक बनाउँदै आएको छ ।
- बैंकको क्षमताले भ्याएसम्म समान अवसरका लागि प्रयास गरिनेछ ।
- बैंकमा कर्मचारी भर्ना गर्न साना किसानको छोराछारी नै हुनुपर्छ भन्ने कुरा प्रक्रिया र नियम अनुसार हुने कुरा हो । साना किसानकै छोराछोरी भनेर राख्न मिल्दैन तर प्रतिस्पर्धाबाट आउन कसैलाई पनि रोकेको अवस्था छैन ।
- साधारणसभामा भाग लिन आउँदा बैंकको १६-१७ हजार सेयरधनीलाई यस्तो सुविधा उपलब्ध गराउन सम्भव छैन र नेपाल राष्ट्र बैंकको निर्देशन र नियमहरुले पनि दिँदैन ।
- महिला सञ्चालकको प्रतिनिधित्वको व्यवस्था सम्बन्धमा आजको यो गरिमामय सभामा विषय उठान गरिएको छ । यसमा छलफल गर्नका हामीसँग ३ बर्ष पुरै बाँकी छ । यस सम्बन्धमा पछि प्रस्ताव गर्न सकिएला ।
- सम्भव भएसम्म सञ्चालक निर्वाचन सर्वसम्मत गर्न सबै सरोकारवाला संस्थापक सेयरधनी प्रयास गरिरहनु भएको सूचना पाएका छौं । यो हामी सेयर धनीहरुको विवेकको विषय हो ।
- बैंकको प्रमुख कार्यकारी अधिकृतले आफ्नो सुविधा बढाउन कहिल्यै भन्नुभएको छैन । यस अघिको कार्यकालमा हामीले उहाँलाई सर्बसाधारणमा सेयर जारी नभएको कारणले न्यूनतम पनि सुविधा दिन सकिएन । पटक पटक उहाँलाई सुविधा बढाउने निर्णय गऱ्यौ तर त्यो निर्णय कानूनी जटिलताका कारण कार्यान्वयन गर्न सकेनौं । हामी सञ्चालकले नै सो कुरालाई बिचार गरेर तपाईंले यति सुविधा लिनु पर्छ भनेर उपलब्ध गराएका हौं । उहाँको क्षमता, कार्यसम्पादनस्तर, अनुभवलाई मुल्यांकन गर्दा अझैपनि हामीले उहालाई दिएको सुबिधा अत्यन्त कम हो । उहाँको कार्यकालको प्रगतिलाई हामी सबैले राम्रो अनुभुत गर्दै आएका छौं ।

**9.2.** कृषि विकास बैंक लि.सँग सम्बन्धित जिज्ञासाका सम्बन्धमा साना किसान विकास बैंक लि.मा कृषि विकास बैंक लि.का तर्फबाट प्रतिनिधित्व गर्नुहुने सञ्चालक श्री अनिल कुमार उपाध्यायले सभा अध्यक्षज्यूको अनुमतिमा जिज्ञासामाथि स्पष्ट पानुभयो ।

- सभामा व्यक्त सुझावहरु अत्यन्त महत्वपूर्ण छन् । अध्यक्षज्यूबाट दिनु भएको जवाफ प्रति म सहमत छु । कृषि विकास बैंक लि.बाट हस्तान्तरण भई आएका साना किसान सहकारी संस्थाहरुले उपयोग गर्दै आएको तर कृषि विकास बैंक लि.को नाममा हक कायम भएका घर/जग्गाका विषयमा कसरी हस्तान्तरण गर्ने भन्ने सम्बन्धमा आवश्यक मापदण्ड तयार गर्ने सम्बन्धमा छलफल भई रहेको छ । निर्णय भइसकेको छैन । कृषि विकास बैंकले यस्ता सम्पत्ति संस्थालाई हस्तान्तरण गर्ने पक्षमा छ। कम्पनी सचिव यही उपस्थित हुनुहुन्छ । यस पछि यस सम्बन्धमा निर्णयका लागि बैंकको सञ्चालक समितिमा प्रस्ताव लगिनेछ ।

**9.3.** बैंक व्यबस्थापनसँग सम्बन्धित केही जिज्ञासा तथा सुझावहरुका सम्बन्धमा सभाध्यक्षको अनुमतिमा बैंकका प्रमुख कार्यकारी अधिकृत जलन कुमार शर्माबाट सभा समक्ष उपलब्ध जवाफ यस प्रकार रहेको छ।

- सभामा गहनतम सुझावहरु प्रस्तु भएका छन् । अध्यक्षज्यूको अनुमति प्राप्त विषयहरुमा मैले प्रष्ट पार्ने प्रयास गरेको छु । आगामी दिनमा बैंकका काम कारवाही अघि बढाउने सन्दर्भमा यी महत्वपूर्ण सुझावहरुलाई मध्यनजर गरी अघि बढाउँदा बैंकको कारोवारको गुणस्तरीय विस्तारमा सघाऊ पुग्ने समेत लागेको छ । महत्वपूर्ण सुझावहरुको पालना गरिनेछ ।

- २३ करोडको सेयर र ६१ करोडको रिजर्भ भएको बैंकले किन हकप्रद सेयर जारी गरेको हो भन्ने प्रश्नमा हामीले बैंकलाई बलियो बनाउने सन्दर्भमा पुँजी बढाउने प्रस्ताव गरेका छौं । हकप्रद २:१ मात्र प्रस्ताव गरिएको छ । अधिकृत पुँजी ६४ करोड प्रस्ताव गरिएको छ । यस पछिका वर्षमा बोनस सेयर दिन पनि यो पुँजी बृद्धिले सहज हुन्छ ।
- ब्याजदर कम हुनुपर्छ भन्ने भनाई ठिक हो तर यसले संस्था नबाच्ने गरी घटाउन सकिदैन । लागत हेरेर र बजारले ब्याजदर निर्धारण गर्दछ । सहुलियत ब्याजदरका लागि मासुजन्य पशुपालन कर्जाको व्यवस्था गरिएको पनि यहाँहरुलाई विदितै छ । बैंकले पुँजीको लागतको आधारमा न्यायोचित व्याज निर्धारण गर्दछ ।

9.4. यस बैंकका कम्पनी सचिव तथा बरिष्ठ प्रवन्धक श्री झलेन्द्र भट्टराईबाट भएका क्रियाकलाप-

- साना किसान कृषि सहकारी संस्था र सदस्यले लिएको सेयर प्रमाणपत्र पाउन बाँकी संस्थाहरुले नाम दिनु भएमा यस बैंकको सेयर रजिष्ट्रार नविल इन्भेष्टमेण्ट बैंकिङ्ग लि. सँग समन्वय गरी बैंकको इलाका कार्यालय मार्फत सम्बन्धित संस्थाहरुसम्म पठाउने व्यवस्था गर्न सकिने सो नभएमा बैंकको सेयर रजिष्ट्रार नविल इन्भेष्टमेण्ट बैंकिङ्ग लि. नारायणचौर नक्सालमा सिधै सम्पर्क गर्न सक्नुहुनेछ ।

**10. सभाको निर्णय**

छलफलमा उठेका जिज्ञासाहरुको जवाफ दिने क्रम सकिएपछि छलफलको विषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नका लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार गर्ने गरी निर्णय भएको कुरा सभाका अध्यक्षले कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम घोषणा गर्नु भयो :

**(क) सामान्य प्रस्तावतर्फ**

*१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व.२०७०/७१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।*

निर्णय

अध्यक्षको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७०/७१ को वार्षिक प्रतिवेदन उपर छलफल पश्चात पारित गर्नका लागि निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सभामा उपस्थित सेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

*२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७०/७१ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गरिदिने सम्बन्धमा ।*

निर्णय

लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७०/७१ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गरिदिन सभामा पेश भएको प्रस्ताव उपस्थित सेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

*३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०७१/०७२ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०६२ को दफा ६५ बमोजिम लेखा परीक्षण समितिको सिफारिसको आधारमा आ.व.२०७१/७२ को लेखा परीक्षकमा नियुक्ति गर्न एवं पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ६० (२) को*

*प्रतिबन्धात्मक वाक्यांशअनुसार वर्तमान लेखापरीक्षक सी. ए. खगेन्द्र भट्टराई, खगेन्द्र एन्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियुक्त हुन सक्नुहुन्छ ।)*

निर्णय

यस बैंकको आ.व.२०७१/०७२ को लागि लेखापरीक्षण गर्न लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा सभामा प्रस्तुत प्रस्ताव उपर छलफल हुँदा कर लेखापरीक्षण सहित आ.व.२०७१/०७२ को लागि लेखापरीक्षण गर्ने कार्यका लागि लेखापरीक्षकमा श्री खगेन्द्र भट्टराई, खगेन्द्र एण्ड एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्टस्लाई मूल्य अभिबृद्धि कर बाहेक एकमुष्ट रु. ९०,०००/- (असी हजार) पारिश्रमिक प्रदान गर्ने गरी नियुक्त गर्न सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

४. *सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७०/७१ को कारोबारबाट भएको मुनाफा मध्येबाट सेयरधनीहरुलाई चुक्ता पुँजी रु. २३,०६,८२,३००/- को १५.७८९ प्रतिसतका दरले हुने जम्मा रु.३,६४,२३,५२१/-मात्र नगद लाभांश वितरण गर्ने सम्बन्धमा ।*

निर्णय

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७०/७१ को कारोबारबाट भएको मुनाफा मध्येबाट सेयरधनीहरुलाई चुक्ता पुँजी रु. २३,०६,८२,३००/- को १५.७८९ प्रतिसतका दरले हुने जम्मा रु.३,६४,२३,५२१/-मात्र नगद लाभांश वितरण गर्न सर्वसम्मतिले स्विकृत प्रदान गर्ने निर्णय गरियो ।

५. *बैंकको नियमावलीको नियम ८(२) मा व्यवस्था भए अनुसार समूह "क" संस्थापक सेयरधनी समूह साना किसान कृषि सहकारी संस्था लि.हरु मध्येबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने तीन (३) जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।*

**निर्वाचन क्रियाकलाप**

बैंकको नियमावलीको नियम ८ (२) मा व्यवस्था भए अनुसार संस्थापक सेयरधनी समूह "क" का साना किसान सहकारी संस्था लि.का सेयरधनीहरुबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने तीन (३) सञ्चालकहरुको निर्वाचन सम्बन्धमा देहाय अनुसार भयोः-

- संस्थापक सेयरधनी समूह "क" का साना किसान सहकारी संस्था लि.का सेयरधनीहरु तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्वका लागि ३ जना सञ्चालक सदस्यको निर्वाचनका लागि कम्पनी सचिवद्वारा सभामा प्रमुख निर्वाचन अधिकृत श्री लिलामणी पोखरेललाई समय उपलब्ध गराईयो ।
- प्रमुख निर्वाचन अधिकृत श्री लिलामणी पौडेलले निर्वाचन कार्यक्रमका सन्दर्भमा "साना किसान विकास बैंक लिमिटेडको समूह-क : (संस्थापक सेयरधनी समूह) का साना किसान कृषि सहकारी संस्था लि. मध्येबाट निर्वाचित हुने सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका, २०७१" बमोजिम निर्वाचनको सूचनामा उल्लेख भएको व्यवस्था अनुसार सभा हुने मिति भन्दा कम्तिमा १५ दिन अगावै अर्थात २०७१/८/१५ का दिन बैंकको सूचनापाटी र वेभसाइटमा निर्वाचन कार्यक्रम सहितको सूचना प्रकासन गरेको र सो सूचना बमोजिम १३

जना उम्मेदवारहरुको दरखास्त परेको भएता पनि ९ जना उम्मेदवारले उम्मेद्वारी फिर्ता लिएकोले बाँकी रहेका देहायका ३ (तीन) जना उम्मेद्वारहरु निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो ।

१. श्री सुखदेव न्यौपाने, प्रतिनिधि, साना किसान कृषि सहकारी संस्था लि. आनन्दवन, रुपन्देही
२. श्री खेम बहादुर पाठक, प्रतिनिधि, साना किसान कृषि सहकारी संस्था लि. चैनपुर, धादिङ्ग
३. श्री रविन्द्र यादब, प्रतिनिधि, साना किसान कृषि सहकारी संस्था लि. बन्चौरी, महोत्तरी

निर्वाचन अधिकृतले निर्विरोध निर्वाचित सञ्चालकहरुलाई निर्वाचित भएको प्रमाणपत्र प्रदान गर्दै हार्दिक बधाई दिनु भयो र निर्वाचन कार्यको अवसर दिने र यस कार्यमा सहयोग पुऱ्याउने सबैप्रति धन्यवाद व्यक्त गर्नु भयो ।

- नव निर्वाचित दुई जना सञ्चालकहरुलाई बैंकका अध्यक्षले टिका तथा पुष्प गुच्छा दिँदै बधाई ज्ञापन गर्नुभयो र उपस्थित सबै सेयरधनी महानुभावहरुबाट करतालध्वनीका साथ स्वागत गरियो ।

निर्णय

बैंकको नियमावलीको नियम ८ (२) मा व्यवस्था भए अनुसार संस्थापक सेयरधनी समूह “क” का सेयरधनी साना किसान सहकारी संस्था लि.का तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने गरी देहाय बमोजिमका तीन (३) सञ्चालकहरुको निर्विरोध निर्वाचन गरियो ।

१. श्री सुखदेव न्यौपाने, प्रतिनिधि, साना किसान कृषि सहकारी संस्था लि. आनन्दवन, रुपन्देही
२. श्री खेम बहादुर पाठक, प्रतिनिधि, साना किसान कृषि सहकारी संस्था लि. चैनपुर, धादिङ्ग
३. श्री रविन्द्र यादब, प्रतिनिधि, साना किसान कृषि सहकारी संस्था लि. बन्चौरी, महोत्तरी

**(ख) विशेष प्रस्ताव :**

*१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेका सेयरधनीहरु समक्ष प्रति दुई कित्ता सेयर बराबरी एक कित्ता (२:१ को अनुपातमा) रु. १००/- दरका ११,५३,४१२ कित्ता हकप्रद सेयर (फ्र्याक्सन अंकको कारण थपघट गरी समायोजना गर्नु पर्ने भएमा सोही अनुसारको संख्यामा सेयर कित्ता कायम हुने गरी) संस्थापक र सर्वसाधारण सेयरधनी समूहको सेयर ग्रहण अनुपात ७०:३० कायमै रहने गरी जारी गर्ने सम्बन्धमा ।*

निर्णय

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेका सेयरधनीहरु समक्ष प्रति दुई कित्ता सेयर बराबरी एक कित्ता (२:१ को अनुपातमा) रु. १००/- दरका ११,५३,४१२ कित्ता हकप्रद सेयर (फ्र्याक्सन अंकको कारण थपघट गरी समायोजना गर्नु पर्ने भएमा सोही अनुसारको संख्यामा सेयर कित्ता कायम हुने गरी र संस्थापक र सर्वसाधारण सेयरधनी समूहको सेयर ग्रहण अनुपात ७०:३० कायमै रहने गरी) जारी गर्न सर्व सम्मतिबाट स्वीकृति प्रदान गरी निर्णय गरियो ।

*२. बैंकको अधिकृत पुँजी रु. ६४ करोड र जारी तथा चुक्ता पूँजी रु. ३४,६०,२३,५००/- पुऱ्याउने सम्बन्धी विषयमा प्रबन्धपत्रको सम्बन्धित दफाहरुमा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।*

निर्णय

बैंकको अधिकृत पुँजी रु. ६४ करोड र जारी तथा चुक्ता पूँजी रु. ३४,६०,२३,५००/- पुऱ्याउने र सो सम्बन्धी विषयमा प्रबन्धपत्र तथा नियमावलीका सम्बन्धित दफा तथा नियमहरुमा संलग्न तीनमहले अनुसार संशोधन गर्न स्वीकृति प्रदान गरी निर्णय गरियो ।

*३. प्रवन्धपत्र तथा नियमावलीको नियामक निकायबाट फेरवदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि सञ्चालक समितिलाई अख्तियारी दिनु हुन अनुरोध छ ।*

निर्णय

यस साना किसान विकास बैंक लि.को प्रबन्धपत्र तथा नियमावलीमा नियामक निकायबाट फेरवदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि सञ्चालक समितिलाई अख्तियारी दिने सर्वसम्मतिले निर्णय गरियो ।

**11. सभा विसर्जन**

**11.1.** साधारणसभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ को दफा ७५ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम अध्यक्ष र कम्पनी सचिवले प्रमाणित गर्ने व्यहोरा सभालाई जानकारी गराईयो ।

**11.2.** सभाको अन्त्यमा सम्पूर्ण सेयरधनी महानुभाव एवं सभामा प्रत्यक्ष परोक्षरुपमा सहयोग गर्नु हुने सबैमा सञ्चालक समितिका अध्यक्ष श्री खेम बहादुर पाठकले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

**11.3.** छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभाका अध्यक्ष एवं सञ्चालक समितिका अध्यक्ष श्री खेम बहादुर पाठकले सेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहाँहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा सबै प्रति आभार व्यक्त गर्नु भयो । तेह्रौं वार्षिक साधारणसभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिनुका साथै सभा सफलतापूर्वक सम्पन्न गर्नमा पुऱ्याउनु भएको सहयोग र सक्रिय सहभागिताको लागि सेयरधनी महानुभावहरुमा साथै निर्वाचन सम्पन्न गर्नु हुने निर्वाचन अधिकृत र उहाँको टिम एवं सभा सफलतापूर्वक सम्पन्न गर्न प्रत्यक्ष वा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने सबैमा धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन गर्नुभयो ।

| | |
|---|---|
| ............................ | ............................ |
| **(फलेन्द्र भट्टराई)** | **(खेम बहादुर पाठक)** |
| कम्पनी सचिव | अध्यक्ष |

**१८ पौष, २०७१**